सोलुदुधकुण्ड नगरपालिका
ཨཱ།།སོད་རོང་ཁོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྲབ་ལྷན་ཁང་།
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल

प.सं. २०७७/०७८
च.नं.

# विनियोजन विधेयक २०७८

सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु को आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
सभाबाट स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना :** सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**(१) यस ऐनको नाम "सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको विनियोजन ऐन, २०७८" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष** २०७८/७९ **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**
(१) आर्थिक वर्ष २०७८/७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रकम रु.३८,०४,९७,९९४।६३ (अक्षेरुपी रुपैयाँ अड्तीस करोड चार लाख सन्तानव्वे हजार नौ सय चौरानव्वे रुपैया त्रिसठ्ठी पैसा ) र पूँजिगत खर्च रकम रु.२०,९८,५६,२७०।- (अक्षेरुपी रुपैयाँ विस करोड अन्ठानव्वे लाख छपन्न हजार दुइ सय सत्तरी रुपैया) समेत गरी जम्मा रकम रु.५९,०३,५४,२६४।६३ (अक्षेरुपी रुपैयाँ उनन्साठी करोड तीन लाख चवन्न हजार दुइ सय चौसठ्ठी रुपैया त्रिसठ्ठी पैसा) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :**(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ

नामोल जाङ्बु शेर्पा
नगर प्रमुख

प.सं.२०७७/०७८
च.नं.

विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसुची १

## सोलु दुधकुण्ड नगरपालिकाको आ.व २०७८/७९ को वजेट

| शीर्षक | प्रस्तावित आय |
|---|---|
| **संघीय सरकार तर्फ** | |
| **क-** समानिकरण अनुदान | १३,७९,००,०००/- |
| **ख-** शसर्त अनुदान चालु | ३०,४९,००,०००/- |
| **ग-** विषेश अनुदान चालु | ६२,००,०००/- |
| **संघीय सरकार तर्फको कुल बजेट** | **४४,९०,००,०००/-** |
| **प्रदेश सरकार तर्फ** | |
| क- समानिकरण अनुदान | ८०,६५,०००/- |
| **ख-** शसर्त अनुदान चालु | ५०,००,०००/- |
| **ग-** समपुरक अनुदान चालु | १,००,००,०००/- |
| **प्रदेश सरकार तर्फको कुल वजेट** | **२,३०,६५,०००/-** |
| **राजस्व बाडफाड तर्फ** | |
| क- बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,६८,४७,५००/- |
| ख- बाँडफाँटबाट प्राप्त हुने अन्त शुल्क | ४,६८,४७,५००/- |
| ग- बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी | २,०२,९९४/६३ |

नाम्गेल जाङबु शेर्पा
नगर प्रमुख

| | |
|---|---|
| घ- बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८८,४१,२७०/- |
| ङ- बाँडफाँटबाट प्राप्त हुने पर्यटन रोयल्टी | १५,००,०००/- |
| च- बाँडफाँटबाट प्राप्त हुने विधुत रोयल्टी | १५,००,०००/- |
| **राजस्व बाडफाड तर्फको कुल वजेट** | **१०,५७,३९,२६४/६३** |
| **आन्तरिक श्रोत तर्फ** | |
| **क-** भुमी मालपोत | १५,००,०००/- |
| **ख-** घर बहाल | ३,००,०००/- |
| **ग-** बहाल बिटौरी कर | ३,००,०००/- |
| **घ-** कृषि तथा पशुजन्य बस्तुको ब्याबसायीक कारोबार कर | ३,००,०००/- |
| **ङ-** सरकारी सम्पत्ति वहाल वा भाडा बापतको आय | ३,५०,०००/- |
| **च-** न्यायीक दस्तुर | १,०००/- |
| **छ-** परीक्षा शुल्क | ५०,०००/- |
| **ज-** सिफारिस दस्तुर | ४,००,०००/- |
| **झ-** ब्यक्तिगत घटना दर्ता दस्तुर | ५०,०००/- |
| **ञ-** ब्यवसाय रजिष्ट्रेशन तया नबिकरण दस्तुर तथा फर्म सूचिकृत दस्तुर | १६,००,०००/- |
| **ट-** नस्शा पास तथा अभिलेखिकरण | ११,००,०००/- |
| **ठ-** बनक्षेत्रको आय | ५,००,०००/- |
| **ड-** बिद्त सम्बन्धी आय | ५,००,०००/- |
| **ढ-** रेडीयो एफ.एम. संचालन दस्तुर | ५०,०००/- |
| **ण-** न्यायिक दण्ड जरिवाना | ५,०००/- |
| **त-** बिज्ञापन कर- प्रदेश सरकारलाई बाँडफाँड गरी बाँकी रकम | ५०,०००/- |
| **थ** -ढुङ्गा गिट्टी वालुवा कर प्रदेश सरकारलाई बाँडफाँड गरी | ६०,०००/- |

# सोलुदुधकुण्ड नगरपालिका
༄༅། །སྟོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
## नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
प्रदेश नं. १ नेपाल


प.सं. २०७७/०७८
च.नं.

| | |
|---|---|
| बाँकी रकम | |
| द- अन्य शेवा तथा बिक्र | ३,००,०००/- |
| ध- घर जग्गा रजिष्ट्रेशन | ५०,००,०००/- |
| न- जिम्मेवारी सर्ने रकम | १,३४,०००/- |
| **आन्तरिक श्रोत तर्फको कुल वजेट** | १,२५,००,०००/- |
| **नगरपालिकाको कुल वजेट रकम रु .** | **५९,०३,५४,२६४/६३** |

### आ.व ०७८/७९ को सोलु दुधकुण्ड नगरपालिकाको चालु तर्फको वजेट

| क्र.स | शीर्षक | रकम |
|---|---|---|
| | **सघीय सरकार शसर्त अनुदान तर्फ** | |
| **क** | शिक्षा कार्यक्रम तर्फ | २१,०३,००,००००/- |
| **ख** | स्वास्थ्य कार्यक्रम तर्फ | ४,२२,००,०००/- |
| **ग** | कृषि कार्यक्रम तर्फ | ९६,००,०००/- |
| **घ** | पशु कार्यक्रम तर्फ | २३,००,०००/- |
| **ङ** | युवा रोजगारी लागि रुपान्तरण कार्यक्रम तर्फ | ५८,००,०००/- |
| **च** | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ | ३४,००,०००/- |
| **छ** | लघु उद्यम विकास कार्यक्रम तर्फ | ३०,००,०००/- |
| **छ** | राष्ट्रीय परिचयपत्र तथा पंजीकरण कार्यक्रम तर्फ | २३,००,०००/- |
| **ज** | खेलकुद कार्यक्रम तर्फ | १००,०००/- |
| **झ** | सामाजिक विकास कार्यक्रम तर्फ | १५,००,०००/- |
| **ञ** | महिला विकास कार्यक्रम तर्फ | ६,००,०००/- |

नर्गोल जाङबु शेर्पा
नगर प्रमुख


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

# सोलुदुधकुण्ड नगरपालिका

ཨོཾ་སོད་རོང་པོ་མའི་མཚོའི་གྲོང་ཁྱེར་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं.२०७७/०७८

च.नं.


| | |
|---|---|
| बाँकी रकम | |
| द- अन्य शेवा तथा बिक्र | ३,००,०००/- |
| ध- घर जग्गा रजिष्ट्रेशन | ५०,००,०००/- |
| न- जिम्मेवारी सर्ने रकम | १,३४,०००/- |
| **आन्तरिक श्रोत तर्फको कुल वजेट** | १,२५,००,०००/- |
| **नगरपालिकाको कुल वजेट रकम रु .** | **५९,०३,५४,२६४/६३** |

**आ.व ०७८/७९ को सोलु दुधकुण्ड नगरपालिकाको चालु तर्फको वजेट**

| क्र.स | शीर्षक | रकम |
|---|---|---|
| | **सघीय सरकार शसर्त अनुदान तर्फ** | |
| क | शिक्षा कार्यक्रम तर्फ | २१,०३,००,००००/- |
| ख | स्वास्थ्य कार्य्क्रम तर्फ | ४,२२,००,०००/- |
| ग | कृषि कार्यक्रम तर्फ | ९६,००,०००/- |
| घ | पशु कार्यक्रम तर्फ | २३,००,०००/- |
| ङ | युवा रोजगारी लागि रुपान्तरण कार्यक्रम तर्फ | ५८,००,०००/- |
| च | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ | ३४,००,०००/- |
| छ | लघु उद्यम विकास कार्यक्रम तर्फ | ३०,००,०००/- |
| छ | राष्ट्रीय परिचयपत्र तथा पंजीकरण कार्यक्रम तर्फ | २३,००,०००/- |
| ज | खेलकुद कार्यक्रम तर्फ | १००,०००/- |
| झ | सामाजिक विकास कार्यक्रम तर्फ | १५,००,०००/- |
| ञ | महिला विकास कार्यक्रम तर्फ | ६,००,०००/- |

नग्मेल जाङबु शेर्पा
नगर प्रमुख